जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी
राष्ट्रिय दैनिक
MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः २१ पृष्ठः ४ | २०८२ बैशाख २६ गते शुक्रबार (Friday 08 May 2025) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## जनता माध्यमिक (प्राविधिक) विद्यालय गोलबजारको पाठ्यपुस्तक खरिदमा आर्थिक चलखेल



**ज्ञान कुमार राय**

गोलबजार, २५ बैशाख। सिरहाको गोलबजारस्थित जनता माध्यमिक (प्राविधिक) विद्यालयले पाठ्य पुस्तक खरिद प्रकृयामा अनियमिता गरेको पाइएको छ। खरिद नियमावली उल्लंघन गर्दै यस विद्यालयले व्यवसायीसँग आर्थिक चलखेलमा पुस्तक खरिद गरेको पाइएको हो। सिरहाको लहान नगरपालिका ४ स्थित मनिष पुस्तक पसलले एक महिना अघि नै पाठ्यपुस्तक विद्यालयमा पठाएको छ। विक्रेताले एक महिना अघि नै पुस्तक विद्यालयमा पठाएको भएपनि विद्यालयले भने गत शुक्रवार मात्र पाठ्यपुस्तक खरिद गर्ने निर्णय गरेको छ। यो निर्णय प्रकृयाले अनियमिताको संकेत गरेको छ। खरिद नियमावली अनुसार पाँच लाखभन्दा बढी मूल्यको समाग्री खरिद गर्दा प्रतिस्पर्धाबाट खरिद गर्नुपर्ने कानुनी व्यवस्था भएपनि विद्यालयले त्यस्तो प्रकृया नअपनाएको त्यहि कार्यरत एक शिक्षकले जानकारी दिए। नाम प्रकाशन नगर्ने सर्तमा ती शिक्षकले भने, 'विद्यालयमा पहिला नै पुस्तक आई सकेको थियो। तर, गत शुक्रवारमात्र प्रधानाध्यापक वीरेन्द्र प्रसाद यादवले स्टाप बैठक गरेर पुस्तक खरिद निर्णय गरेको छ। यसले खरिद प्रकृयामा अनियमिता भएको हुन सक्छ।'

प्रधानाध्यापक यादवले आफू नयाँ भएकोले केही प्रकृयागत त्रृटिहरु भएको स्वीकार गरेपनि प्रतिस्पर्धाबाटै पुस्तक खरिद गरेको जिकिर गरे। उनले भने, 'म नयाँ भएकोले केही त्रृटि भएको हुनसक्छ, तर मैले प्रतिस्पर्धाबाट नै पुस्तक खरिद गरेको हुँ।' प्रतिस्पर्धाको आधारमा सवैभन्दा कम मूल्यमा विक्रिगर्ने विक्रेतासँग पुस्तक खरिद गरेको प्रधानाध्यापक यादवले जिकिर गरेको छ तर उनले कति मूल्यमा खरिद गरेको हो? भन्ने प्रश्नको उत्तर दिनुभएन। विक्रेताले भने त्यस्तो कुनै प्रतिस्पर्धा नभएको जनाए। उनले भने, 'त्यस्तो प्रतिस्पर्धा भन्ने केही होइन, हामी पुस्तक खरिद गर्ने विद्यालयलयलाई

## जेठ १५ गतेदेखि अनिश्चितकालीन 'जनआन्दोलन' गर्ने राजावादीको घोषणा


काठमाडौं, २५ वैशाख। राजसंस्था पुनर्स्थापनाका लागि गठित 'संयुक्त जनआन्दोलन समिति' ले 'जनआन्दोलन' को घोषणा गरेको छ। काठमाण्डौमा पत्रकार सम्मेलन गर्दै समितिका संयोजक नवराज सुवेदीले जेठ १५ गतेदेखि जनआन्दोलन घोषणा गरेको हो। उनले आफ्नो नेतृत्वमा हुने अनिश्चितकालीन 'जनआन्दोलन' मा राप्रपा, राप्रपा नेपाल, राष्ट्रिय शक्ति नेपाल, नेपाली कांग्रेस (बीपी), शिव सेनालगायतको साथ रहेको बताए। आन्दोलन घोषणा कार्यक्रममा कमल थापा, राजेन्द्र लिङ्देन लगायतका नेताहरू एउटै मञ्चमा देखिए। अहिलेको व्यवस्थाले देशलाई निकास नदिने दाबीसहित राजावादी समूहले १४ बुँदे प्रतिबद्धता सार्वजनिक गरेको छ। संयोजक सुवेदीले राजसंस्था स्थापना नभएसम्म आफूहरूको आन्दोलन नरोकिने र आन्दोलन शान्तिपूर्ण हुने पनि बताए।

## मृत्युको शय्याबाट बाँचेर आएकी काजल



**विनय कर्ण**

सप्तरी, २५ वैशाख। वैशाख १५ गते जिल्ला प्रहरी कार्यालय सप्तरीबाट१४ वैशाखको राति ८ बजेको समयमा राजविराज१ चनौरा बस्ने २५ वर्षीया काजल देवी साफीले घरायसी वादविवादको कारण नाम नखुलेको किरा मार्ने विषादी सेवन गराएर आफ्नै छोरा चार वर्षीय सौरभकुमार साफीसमेतलाई विषादी सेवन गराएको सूचना आयो। त्यो सूचनामा गजेन्द्र नारायण सिंह अस्पताल राजविराज सप्तरीमा सामान्य उपचार पश्चात थप उपचारको लागि धरान पठाएको र त्यहाँबाट थप उपचारको लागि नोबेल अस्पताल विराटनगर पठाइएकोमा उपचारको क्रममा वैशाख १५ गते सौरभको मृत्यु भएको र काजलको सोही अस्पतालमा उपचार भइरहेको तर अवस्था गम्भीर रहेको उल्लेख थियो। काजलको स्वास्थ्य अवस्था समान्य भएपछि अस्पतालबाट डिस्चार्ज भएर हाल राजविराज नगरपालिका १ चनौरा स्थित आफ्नो घरमा औषधी खाँदै स्वास्थ्यलाभ गर्दै हुन। छोरा जन्मिएको चार महिनापछि वैदेशिक रोजगारका लागि कतार गएका काजलका श्रीमान् अनिल कुमार साफी कतारमा हुन। उनका लागि छोराको हाँसिलो मुहार अब सम्झनामा मात्र सीमित हुन पुग्यो। बुवा चार वर्षदेखि वैदेशिक रोजगारको क्रममा कतारमै हुँदा यता चार वर्षीय छोरा सौरभ कुमार साफीको मृत्यु भइसकेको छ। -बाँकी दुई पेजमा




**GUPTA BROTHER'S AUTO TRADE**
Mirchaiya, 033-550744 | 9801552812

## नवराजपुर गाउँपालिकामा जग्गा अतिक्रमण र फोहोर गरेमा ५ लाखसम्म जरिवाना

**विनय आजाद**

सिरहा, २५ वैशाख। सिरहाको नवराजपुर गाउँपालिकाले आफ्नै आर्थिक विधेयक बनाएर लागू गरेको छ। गाउँपालिकाले विधेयकमा फोहोर गर्नेदेखि सार्वजनिक जग्गा अतिक्रमण गर्नेसम्मलाई आर्थिक कारबाही गर्ने व्यवस्था गरेको छ। गाउँपालिकाले बुधबारदेखि आर्थिक विधेयक, २०८१ लागू गर्दै सार्वजनिक जग्गा अतिक्रमण गरेमा, जथाभावी फोहोर फालेमा, पशुचौपाया छाडा छाडेमा, सार्वजनिक सम्पत्तिमा क्षति पुऱ्याएमा र अन्य कानुनविपरीतका कार्य गर्नेलाई कारबाही गर्ने जनाएको हो। यी कार्य गरेको भए सात दिनभित्र सच्चिन गाउँपालिकाले आग्रह गरेको छ। गाउँपालिकाकाअनुसार, सार्वजनिक स्थल तथा सडकमा जथाभावी फोहोर मैला फालेमा -बाँकी अन्तिम पेजमा

## विद्यार्थी भर्ना अभियानमा सवैले योगदान गरौं

- विद्यालयले आ-आफ्नो सेवा क्षेत्रभित्रका अभिभावकलाई टेलिफोन, इन्टरनेट, रेडियो, टेलिभिजन तथा सामाजिक सञ्जालबाट सूचना प्रवाह गर्ने,
- अभिभावकविहीन बालबालिकाको अध्ययनमा सहयोग गर्ने व्यक्ति तथा संस्थाको पहिचान र उचित सम्मान गर्ने,
- सामुदायिक सिकाइकेन्द्रहरुले विद्यालयबाहिर रहेका बालबालिकाको लगत संकलन गर्ने,
- सार्वजनिक जीवनका व्यक्तिहरुले विद्यालय उमेर समूहका सीमान्तकृत समूहका, अपाङ्गता भएका वालबालिकाका लागि विद्यालय भर्नाको पहल गर्ने,
- स्थानीय तहले भर्ना अभियानको नेतृत्व गर्ने।
- सबै बालबालिकाको विद्यालयमा सहभागिता, गुणस्तरीय शिक्षा प्रासिको सुनिश्चितता।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सम्पादकीय

## विद्युतीय गाडी सञ्चालन गर्ने अदालतको परमादेशको पनि अवज्ञा

नेपाली मार्का (ब्रान्ड)को 'सुशासन'को उदाहरण लुम्बिनी विकास कोषलाई प्राप्त विद्युतीय सवारी साधनहरूको अवस्थामा पनि देखिएको छ। सार्वजनिक संस्थालाई अनुदानमा प्राप्त सवारी साधनहरूको प्रयोगमा कानुनी अडचन देखाएर थन्क्याइँदा १९ वटा विद्युतीय सवारी साधन काम नलाग्ने अवस्थामा पुगेका छन्। अनुदानमा प्राप्त सवारी साधन दर्ता गर्दा सरकारी नम्बर प्लेट दिइयो। सरकारी प्लेट भएको गाडीमा तीर्थालुहरूलाई लुम्बिनी परिसर घुमाउँदा भाडा लिन मिलेन। भाडा नलिईकन सञ्चालन गर्दा कोषले खर्च धान्न सक्तैन। यसैले गाडी थोत्रिए पनि चलाउन मिलेन। अनुदानमा आएको गाडीलाई भाडा लिन मिल्ने बनाउन नम्बर प्लेट बदल्नुपर्छ तर कानुनमा त्यसो गर्न मिल्ने स्पष्ट व्यवस्था छैन। निजी व्यवसायीको भए कुनै न कुनै उपाय निस्कने पनि थियो होला। सार्वजनिक संस्थाको मामिला भएकाले कानुन मिचेर दायाँबाँया गर्न पनि भएन। उच्च अदालत, तुलसीपुरको बुटवल इजलासले एक महिनाभित्र सेतो ९सरकारी० बाट हरियो ९पर्यटकीय० प्लेट बनाई पर्यटन प्रयोजनमा प्रयोगमा ल्याउन लुम्बिनी प्रदेश सरकारका नाममा २०८१ को चैत ११ गते परमादेश नै जारी गर्नुपरेको छ। परमादेशमा अदालतले सेतोबाट हरियो प्लेट बनाउने कानुनी आधार बाटो पनि देखाएको थियो। न्यायालयको परमादेशको अवज्ञा गर्न बरु सम्बन्धित अधिकारी तयार भए तर कर्मचारीले लगाएको रकमी चुकुल खोल्ने जमर्को गरिएन। सञ्चार माध्यमले त धेरै पहिलेदेखि प्रश्न गरी नै रहेका छन्। प्रदेश सभाको संसदीय समितिले पनि सरकारलाई निर्देशन दिइसकेको थियो। काम गर्नुपर्नेले टेरे. पो ! लुम्बिनी विकास कोषमा सक्षम, इमानदार र लगनशील पदाधिकारीहरू भएको भए पनि सम्भवतः यी गाडीहरू चलाउँदै नचलाई थोत्रिन दिने थिएनन्। यस्तै, लुम्बिनी प्रदेश सरकार र संघको संस्कृति, पर्यटन तथा नागरिक उ यन मन्त्रालयका पदाधिकारीहरूले अलिकति ध्यान दिएको भए पनि यो समस्या यति लमिने पक्कै थिएन।यसरी सरकारी निकायले गर्नुपर्ने निर्णय नगरेर सार्वजनिक सम्पत्तिमा हानि नोक्सानी गर्नु पनि अख्तियारको दुरुपयोग हो। तर, काम नगरेर राज्यलाई हानिनोक्सानी पुऱ्याएबापत सम्भवतः अहिलेसम्म कसैलाई कुनै कारबाही भएको छैन। यसैले रकमीहरू 'माखेसाङ्लो' बुनेर काम अल्झाउन रमाउने गर्छन्। उच्च अदालतको परमादेशले फटाफट काम गर्ने बाटो खोलिदिएको छ। लुम्बिनी प्रदेश सरकारको राजनीतिक नेतृत्वले विशेष चासो लिएर तत्काल नम्बर बदल्ने र गाडीहरू सञ्चालनमा ल्याउने व्यवस्था मिलाओस्। परमादेशको अवज्ञा गरेर अदालतको मानहानिमा सजाय पाउने रहर त लुम्बिनी सरकारका अधिकारीहरूलाई छैन त होला नि !

### मृत्युको शय्याबाट ...

यो घटनाले परिवार शोकमा डुबेको छ। स्वास्थ्य उपचार गराएर अस्पतालबाट फर्किएकी काजलले भने आफूले छोरालाई विष सेवन गराएर आफू पनि विष सेवन गरेको कुरालाई अस्वीकार गर्नुभएको छ।

आफ्नै निवासमा बिहीबार संचारकर्मीसँग कुरा गर्दै काजलले वैशाख १४ मा चार वर्षीय छोरा सौरभले घरमै राखिएको चामलमा किरा लाग्न नदिने विषादीयुक्त 'ट्यावलेट' लाई हजमोला पाचक सम्झेर खाएको बताए। एउटा 'ट्यावलेट' खाइसकेका छोराले अर्को पनि मुखमा हाल्दै गर्दा हेरेको र छोराको मुखमा औंला हालेर बाहिर निकाल्दा हजमोला पाचक नभएर चामलमा किरा लाग्नबाट जोगाउनका लागि ल्याएर राखिएको औषधी भएको थाहा पाएको उनले बताए। "छोरा नै जीवित नरहने भएपछि म बाँचेर के गर्नु ?" भन्दै आवेगमा कठोर निर्णय लिँदै छोराको मुखबाट निकालेको त्यो ट्यावलेट आफू पनि खाएको काजलले सुनाए। आमा काजल र छोरा सौरभ गम्भीर अवस्थामा पुगेपछि उहाँका सासु सुलोचना साफी र ससुरा मनिलाल साफीले दुवै जनालाई राजविराजस्थित गजेन्द्रनाराण सिंह अस्पताल लगेको थियो।

त्यहाँ उपचार सम्भव नभएपछि दुवैजनालाई बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान लगियो तर, आईसियु बेड खाली नभएपछि आमा छोरालाई नोबेल अस्पताल विराटनगर लैजाँदै गर्दा सौरभको मृत्यु भएको थियो। "धरानमा आइसियु बेड नपाएपछि नाती र बुहारीलाई उपचारका लागि विराटनगर लग्ने क्रममा गाडीको सिटमा बस्ने वित्तिकै नाति सौरभको मृत्यु भयो। एकातिर नातिको शव र अर्कोतिर बुहारीलाई अस्पताल पुऱ्याउँदाको पीडा म व्यक्त गर्न सक्दिन" उनले भने, "कस्ले घर झगडाले यस्तो भयो भनेको पनि सुन्छु। हाम्रो छोरा विदेश गएको चार बर्ष भयो। यो घटनामा घर झगडा जोडिएको छैन।"

अहिले बुहारी काजलको स्वास्थ्य अवस्था निको हुँदै गएको छ। अस्पतालबाट घर फर्किएपछि पनि काजल औषधी खाँदै छिन" उनले भने। पति, सासु, ससुरासँग कुनै वादविवाद वा मतभेद नभएको अस्पतालबाट घर फर्किएकी काजलले सुनाए। काजल उनका सासु सुलोचनाले सौरभलाई विषादी नखुवाइएको दाबी गरिरहँदा प्रहरीले भने यो अनुसन्धानबाट मात्र स्पष्ट हुने बताएका छन्। जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक ढकेन्द्र खतिवडाले काजल अस्पतालबाट घर फर्किएको र अहिले पनि स्वास्थ्य लाभकै क्रममा रहेकाले अनुसन्धान नभएसम्म अहिले नै यस घट्नाबारे केही भन्न नमिल्ने बताए। उनले काजलको स्वास्थ्य अवस्था ठिक भएपछि थप अनुसन्धान सुरु गरिने र अनि मात्र घट्नाबारे स्पष्ट कारण खुल्ने बताए।

# समाजवादी क्रान्तिको कार्यदिशा



**अनिलकिशोर घिमिरे**

नेपालको संविधान २०७२ ले समाजवाद उन्मुख राज्य व्यवस्थाको उल्लेख गरेसँगै नेपालमा समाजवादसम्बन्धी बहसले नयाँ चर्चा पाउन थालेको हो। तर पनि संविधान जारी भएको दश वर्ष बितिसक्दा समेत समाजवादको लक्ष्य हासिल गर्ने गरी ठोस र मूर्त पहलकदमी हुन सकिरहेको छैन। अहिले समाजवादी मोर्चा बनेर समाजवादी क्रान्तिको आधार सिर्जना गर्ने अभियान अगाडि बढिरहँदा यस विषयले पुनः चर्चा पाउन थालेको छ। खासगरी वैज्ञानिक समाजवादको पक्षपाती नेकपा माओवादी केन्द्रले अहिले एकैचोटि वैज्ञानिक समाजवादको घोषणा वा त्यसको कार्यक्रम लागु गर्ने परिस्थिति विकास नभइसकेको निष्कर्ष निकालेर समाजवादलाई स्वीकार गर्ने राजनीतिक पार्टीहरू एकै ठाउँमा आएर संगठित प्रयत्न गर्ने उद्देश्य लिएपछि यस विषयमा बहस–छलफल भइरहेका छन्।

समाजवादी कार्यक्रम आफैँमा उन्नत प्रकारको सामाजिकीकरणको एउटा प्रक्रिया हो। यस्तै, समाजवाद पुरानो समाजको क्रमभंगता पनि हो। मानिसले जन्मदेखि बाचुञ्जेलसम्म पाउने सामाजिक तथा आर्थिक सुरक्षा, समानता र न्यायपूर्ण समाज नै यसको आधार हो। समाजवादले नवीन अर्थ–व्यवस्थाको माग गर्छ। जसमा उत्पादनका साधनको सामूहिक अधीन हुन्छ। आर्थिक साधनहरू नाफा कमाउन भन्दा जनताको आधारभूत आवश्यकता पूरा गर्न प्रयोग गरिन्छ। मार्क्सवादी विचार, दर्शन र आचरणले मात्र समाजवादी उद्देश्य पूरा गर्न सकिन्छ। नेपालको कम्युनिस्ट आन्दोलनले मार्क्सवादलाई मार्क्सको चिन्तन सोच र सिद्धान्तका आधारमा बुझ्ने र त्यसैको आलोकमा समाजलाई रूपान्तरण गर्ने कार्यमा चिप्लिँदै आएको देखिन्छ। सिद्धान्तका ठाउँमा व्यक्तिलाई पछ्याउने, नीतिको ठाउँमा नेता पछ्याउने र विचारको ठाउँमा शक्तिको पछि लाग्दा कम्युनिस्ट भन्ने पार्टीहरू पनि पुँजीवादी पार्टीभन्दा भिन्न प्रवृत्तिका देखिन छाडेका छन्। तत्काल समाजवादी क्रान्ति सम्भव छैन, समाजवादी नीति लागु गर्न सकिँदैन भन्ने निहुँमा समाजवादी कार्यदिशालाई चटक्कै छाडेको देखिँदा समाजवाद निर्माणको कार्यमा शिथिलता आइरहेको छ।

नेपाली कांग्रेसले पनि आफूलाई प्रजातान्त्रिक समाजवादको हिमायती ठान्छ, तर वैज्ञानिक समाजवादीहरूले भन्ने गरेको श्रमजीवी तथा सर्वहारा वर्गले उत्पादनका साधनमाथि स्वामित्व पाउने वा उत्पादनका साधनमाथि सामाजिक स्वामित्व हुनुपर्छ भन्ने धारणालाई कांग्रेसले स्वीकार गर्दैन। उसले नवउदारवादी बजार अर्थतन्त्रको मोडललाई कार्यान्वयन गर्न तँछाडमछाड गरिरहेपछि त्यो समाजवादी हुने कुरा आउँदैन। कम्युनिस्ट भन्ने पार्टीहरूले समेत त्यही योजनालाई कार्यान्वयन गर्ने र नयाँ रूपरेखा तयार नगर्ने भएपछि त कसरी समाजवाद आउने भयो र [ यस प्रकार दलाल पुँजीवादको घेराभित्र बसेर समाजवादको निर्माण गर्ने र सशक्त समाजवादी केन्द्र बनाउने अभियान सफल हुन्छ कि हुँदैन ? विचारणीय प्रश्न छ। आज पनि समाजवादी मोर्चा किन र कसका लागि भन्ने प्रश्न खड्किरहेको छ। मार्क्सवादी विचार र दर्शनका आधारमा समाजवादको स्पष्ट खाकासहित समाजवादी केन्द्र निर्माण गर्ने कुरा गौण हुने हो भने फेरि पनि कम्युनिस्ट केन्द्र बनाउने उद्देश्यका साथ एकता भएर उत्ति बेलै फुटिहालेका एमाले र माओवादी केन्द्रको अवस्था नहोला भन्न सकिँदैन।

मार्क्सवाद कुनै सूत्र नभएर ऐतिहासिक वर्ग संघर्षको रूपरेखाको अध्ययन गर्ने विधि हो। बाइबल, कुरान, गीतालाई हुबहु कण्ठ गरेर कथित मुक्ति प्राप्त गरेजस्तो मार्क्सवाद होइन। वर्ग संघर्षको इतिहास, तत्कालीन समाजको आर्थिक सामाजिक संरचना, तत्कालीन राज्यको प्रकृति र प्रवृत्ति तथा विद्यमान समाजको वर्ग चरित्रलाई गहिरोसँग केलाएर मात्रै समाजवादको सपना पूरा हुन सक्छ। वास्तवमा उत्पादित वस्तु तथा सेवामाथि धनाढ्य वर्गले नियन्त्रण, उपभोग र शोषण गर्ने गर्छन्। त्यही वर्गको शोषण र पीडाबाट मुक्ति प्राप्त गर्ने प्रणाली नै समाजवाद हो। हरेक देशले आफ्नो वस्तुगत अवस्था (आवश्यक जनशक्ति), पूर्वाधार (पुँजी सञ्चिति, शिक्षा, स्वास्थ्य, यातायात) अनुसार समाजवाद निर्माणका मौलिक विशेषता अनुसारको कार्यक्रम तय गर्नुपर्छ। समाजवादी व्यवस्थाका आम मान्यता आयमा समानता, निजी स्वामित्व न्यूनीकरण वा अन्त्य, निजी सम्पत्तिको निषेध, नाफा निषेध र सार्वजनिक स्वामित्व, समानुपातिक वितरण, सामाजिक स्वामित्व एवं समाज कल्याणको उद्देश्य, शोषण र उत्पीडनका अवस्था निषेध, सबै नागरिकलाई काम र मामको व्यवस्था, बेरोजगारी उत्पन्न नहुने अवस्था लगायत छन्।

यस प्रकार समाजवाद एउटा उन्नत स्तरको समाज व्यवस्था हो। जहाँ मानिस माथि मानिसले गर्ने शोषणको अन्त्य हुनेछ, वर्ग विभेदहरू क्रमशः मेटिँदै जानेछन्, मानिस पूर्ण रूपले समाजमाथि निर्भर रहनेछ। यस्तो समाजमा श्रमजीवी वर्ग सम्मानित हुनेछ र श्रमिक जनताको जीवन समृद्ध हुन्छ। समाजवादी योजनाको लक्ष्य नै सम्पूर्ण राष्ट्रिय अर्थ–व्यवस्थाको सुनियोजित नेतृत्व गर्ने हुनुपर्छ। यसमा आर्थिक विकासका योजनाहरूमा राष्ट्रिय हितहरूलाई मुख्यतया ध्यानमा राखिन्छ। समाजवादी अर्थ–व्यवस्थाको निर्माण भन्नाले आधारभूत उत्पादन साधनहरूमा सामाजिक स्वामित्वको स्थापना, पुँजीवादी मुनाफा कमाउने उद्देश्यले प्रेरित उत्पादनको अराजकताको ठाउँमा सम्पूर्ण समाज र त्यसका सबै सदस्यको आवश्यकतालाई पूर्ति गर्ने योजनाबद्ध उत्पादनमा आधारित समूल सामाजिक एवं आर्थिक परिवर्तन भन्ने बुझिन्छ।

आज पनि कांग्रेसजस्ता पार्टीले वा कैयौँ पुँजीवादी देशहरूले विधिको शासन, मानव अधिकार, शक्ति पृथकीकरण, प्रेस स्वतन्त्रता, आवधिक निर्वाचन, समावेशीकरण सुशासन, राइट टु रिकल, राइट टु रिजेक्ट, सीमान्तकृत समुदायको अधिकार सुनिश्चितता जस्ता विषयलाई नै समाजवादको संज्ञा दिने गरेका छन्। राज्यलाई लोककल्याणकारी चरित्रको बनाउने भन्दै कैयौँ समाजवादी चिन्तनसँग जोडिएका विशेषता पुँजीवादी देशहरूमा पनि पाउन सकिन्छ। स्विट्जरल्यान्ड, नर्वे, जर्मनी, बेलायत, अमेरिका जस्ता पुँजीवादी देशमा समेत शिक्षा, स्वास्थ्य, रोजगारी, आवास लगायत आधारभूत आवश्यकताको समतामूलक उपलब्धता र सुनिश्चितता स्थापित भएको देखिन्छ।

पुँजीवादी कोणबाट विश्लेषण गर्नेहरूले मार्क्सवादीहरूलाई नै सर्वसत्तावादी र अलोकतान्त्रिक भनेर भ्रम छरिरहेका छन् र समाजवादी कार्यक्रमको बारेमा हचुवा प्रकारको व्याख्या गर्दै आइरहेका छन्। पुँजीवादी साम्राज्यवादीहरूले भूमण्डलीकरणका नाममा संसारभर आफ्नो एकाधिकार लाद्ने निजीकरणलाई प्रोत्साहित गर्दै असमानताको स्थिति सिर्जना गर्ने लगायत कार्य गरिरहेका हुन्छन्। एकातिर लोककल्याणकारी जस्तो देखिने अर्कोतिर अनधिकृत र असीमित रूपमा आणविक हतियार निर्माण गर्ने, त्यसैको आडमा संसारभर एकाधिकार कायम गर्न कोसिस गर्ने साथै मानव स्वास्थ्यमा गम्भीर असर पुऱ्याउने वातावरणीय प्रदूषण निम्त्याउने काम गरिरहेका छन्। यसले गर्दा मार्क्सवादको आधारमा निर्माण हुने समाजवादले नै यस्तो खाले पुँजीवादी तथा साम्राज्यवादी अर्थ राजनीतिका विपक्षमा आम जनतालाई संगठित गर्ने लक्ष्य राख्नुपर्ने हुन्छ।

झन्डै दुई हजार वर्षपहिले नै पश्चिमी विचारक दार्शनिक प्लेटोकै विचारमा समेत त्यतिबेलाको राज्य सुहाउँदो शासन प्रणालीबारे व्याख्या गर्दा राज्यका सबै संरचनाहरूको निजीकरणले समस्या निम्त्याउँछ भन्ने दर्शनलाई आधार बनाइएको थियो। प्लेटोको कलेक्टिभ सोसाइटीको परिकल्पनालाई १६औँ शताब्दीमा थोमस मुरले आफ्नो पुस्तक युटोपियामा मूर्त रूपले उतारेका थिए। उक्त पुस्तकमा मुरले मानिसले लगाउने कपडामा समेत समानता हुनुपर्नेदेखि शासकसम्मको कामको समान अवधि हुनुपर्ने परिकल्पना गरेका थिए।

यसैगरी १९औँ शताब्दीको औद्योगिक क्रान्तिपछि वर्गीय असमानता अकासिँदै जाँदा उद्योगपति र मजदुरबिचको वर्गीय खाडलले समाजको अहित गर्ने तर्कका साथ पुँजीवादको विस्तार रोक्न नयाँ समाजवादको उदय भएको देखिन्छ। १९औँ शताब्दीको मध्यतिर कार्ल मार्क्सले तयार गरेको श्रमको मूल्यलाई समाज र राज्यको ढाँचाको केन्द्रमा स्थापना गर्ने र संसारबाट असमानताको अन्त्य गर्ने आकर्षक सिद्धान्तको आडमा रुसी समाजवादी क्रान्ति सफलतापूर्वक सम्पन्न भएको थियो। त्यतिबेलाका पुँजीवादी भनिएका राज्यमा देखिएका कैयौँ विकृति र समस्याको समाधानका लागि एउटा वैकल्पिक मोडल थियो। कार्लमार्क्सको सिर्जनाका आधारमा विकास भएको वैज्ञानिक समाजवाद 'क्षमता अनुसारको काम र आवश्यकता अनुसारको दाम'को नाराबाट सुरु भएको थियो। वर्ग समाज र अर्थतन्त्रमा आधारित उक्त समाजवादी विचार सोभियत संघदेखि भियतनाम, पूर्वी युरोप, लाओस, उत्तरकोरिया क्युबा, युगोस्लाभिया, चेकोस्लाभिया, पोल्यान्डसम्म फैलिएर त्यतिबेलाको आधा विश्व तरङ्गित भएको थियो।

मार्क्सवादको जन्म हुने बेलामा युरोपमा पुँजीपति र मजदुर (श्रम मात्र बेचेर गुजारा गर्ने) वर्ग छुट्टिने पुँजीवादी समाज र एकल जातीय राज्यहरूको विकास भइसकेको थियो। त्यतिबेला पुँजीपतिहरूले निजी लाभ (पुँजीको मालिक)लाई केन्द्रमा राखेर पुँजीवादको सोच बनाएका थिए। मार्क्स र लेनिनले मजदुरलाई केन्द्रमा राखेर समाजवादको डिजाइन गरे। माओले किसानलाई केन्द्रमा राखेर चिनियाँ क्रान्ति सम्पन्न गरे, तर नेपालमा समाजवाद निर्माणका कैयौँ चुनौती सामना गर्नुपर्नेछ। हाम्रो देश बाहिरबाट हेर्दा स्वतन्त्रजस्तो देखिए पनि पाइला–पाइलामा नेपाली राष्ट्रिय जीवनमाथि साम्राज्यवाद, नवऔपनिवेशवाद र विस्तारवादको शोषण, उत्पीडन र थिचोमिचो रहेको छ। राष्ट्रिय पुँजीवादको विकासमा सामन्तवाद, दलाल तथा नोकरशाही पुँजीवादले अवरोध गरिरहेको छ। नेपाल कृषिप्रधान देश त्यो पनि परम्परागत कृषि प्रणालीमै सीमित रहेकाले ठुला कारखाना छैनन्। श्रम मात्र बेचेर जीवन निर्वाह गर्नुपर्ने अवस्था छ र सामूहिक रूपमा काम गर्ने श्रमिकको संख्या न्यून छ। असली सर्वहारा वर्गको जन्म नै भएको छैन भन्दा पनि हुन्छ।

सबै सामान आयातमा निर्भर छ, निर्यात अत्यन्तै न्यून छ। कृषिका हरेक बिउबिजनमा हाम्रो पेटेन्ट अधिकार सकिँदै गएको छ। दुई थरी शिक्षा, माफियाकरणको चंगुलमा रहेको स्वास्थ्य, असमान प्रकारको भूमि वितरण, रेमिटेन्सको भरमा रहेको अर्थतन्त्रको अवस्थाले समाजवादी व्यवस्थालाई आधार दिन सक्दैनन्। नेपालको संविधानले भूमिको समतापूर्ण वितरण गर्ने र राज्यलाई लोककल्याणकारी चरित्रको बनाउने कुरा त गरेको छ तर त्यसको कार्यान्वयनका लागि ठोस पहलकदमी भइरहेको

–बाँकी तीन पेजमा

*समाजवादी...*

देखिँदैन। मार्क्सवादीहरूको मुख्य सवाल राज्यसत्ता कब्जा गर्ने मात्र होइन, राज्यलाई कस्तो स्वरूप र आकार दिने ताकि त्यो श्रमजीवी वर्ग र उत्पीडित समुदायको अपनत्व नियन्त्रण र पहुँच कायम गर्दै समाजवादतर्फको यात्रालाई सहज बनाउने भन्ने हुनुपर्छ। हामीले त यही नेपालको संविधानले निर्दिष्ट गरेका सुधारवादी कार्यक्रमलाई समेत लागु गर्न सकिरहेका छैनौँ। जब कि मुलुकमा वामपन्थी पार्टीहरूकै बोलवाला रहेको छ।

आज पुँजीवादी अर्थव्यवस्था भएका मुलुकले समाजवादको प्रतिरोध गर्ने क्रममा विस्तार गरेका आर्थिक रूपान्तरणका मोडलले संसारमा विभेद, असमानता र वातावरणीय विनाशलाई तीव्र पारेका छन्। यसबाट नेपालजस्ता गरिब र विकासशील भनिएका मुलुकहरूमा समस्या झन् बल्झँदै गएका छन्। विन्स्टन चर्चिल भन्छन्, 'पुँजीवादको अर्थ असमान वितरण र समाजवादको अर्थ समान वितरण हो।' पुँजीवादको विकास आफैँ समाजवादमा रूपान्तरण हुँदैन र समाजवाद स्वस्फूर्त पनि आउँदैन। पुँजीवादी प्रणालीमाथि तीव्र हस्तक्षेप र संगठित प्रयत्न नै अहिलेको आवश्यकता हो। यसका लागि समाजवादी मोर्चाले स्पष्ट कार्यदिशा तय गर्नु जरुरी छ। समुन्नत समाजवादी दृष्टिकोणबाट समाजवाद हासिल गर्नका लागि बजारलाई निरन्तर अनुगमन र नियन्त्रणमा राख्नुपर्छ। मानव श्रम, प्राकृतिक साधन र प्रविधिको त्रिकोणात्मक अन्तर्सम्बन्ध कायम गरी विकासका सम्भावनाको लेखाजोखा गर्नुपर्छ। सुकुमबासीहरूलाई एकपटक न्यूनतम आवासीय जमिन उपलब्ध गराउने, कृषिको वैज्ञानिकीकरण, यान्त्रिकीकरण र व्यवसायीकरणलाई जोडेर समग्र भूउपयोग नीति बनाउने, प्राकृतिक स्रोत–साधनको दिगो उपयोग र ऊर्जा विकासलाई प्रभावकारी बनाउन आवश्यक छ। श्रमले वस्तु, वस्तुले मुद्रा र मुद्राले पुँजीको निर्माणमा गरेको भूमिकालाई समाजवादले कुनै अवरोध गर्नु हुँदैन। त्यसो गर्ने बित्तिकै अर्थतन्त्रको प्राकृतिक चरित्र समाप्त हुन्छ। अप्राकृतिक नियम र विधिमा रहेर अर्थतन्त्रले कार्य गर्न सक्दैन। पुँजीवादको अर्थ अर्थतन्त्रको यो प्रक्रियामा श्रममाथि मुनाफाको शासन कायम गर्नु हो। समाजवादको अर्थ यो प्रक्रियामा श्रमलाई उसको स्वाभाविक भूमिका अनुसार आधारभूत र महत्त्वपूर्ण तत्त्वका रूपमा स्थापित गर्नु हो। पुँजीवाद र समाजवादबिचको वास्तविक भिन्नता यही हो।

लाखौँ लाख मानिसले जीवन निर्वाहको निम्ति अत्यावश्यक वस्तुहरूको योजनाबद्ध उत्पादन तथा वितरणको अवस्था सिर्जना गर्ने नयाँ संगठनात्मक सम्बन्धको ज्यादै जटिल तथा सूक्ष्म जाल बिछ्याउने दिशामा रचनात्मक कार्य गर्नु नै समाजवादी क्रान्तिमा विजय प्राप्त गर्ने मजदुर वर्गको मुख्य कार्य हुनेछ भनी समाजवादी क्रान्तिको लगत्तैपछि लेनिनले जोड दिएका थिए।

पुँजीवाद र त्यसभन्दा पहिलेका सबै सामाजिक रूपहरू जस्तै गरी समाजवाद स्वतस्फूर्त रूपले उत्पन्न हुन सक्दैन। मार्क्सवादी, लेनिनवादी पार्टीद्वारा निर्देशित मजदुर वर्गको नेतृत्वमा जनसमुदायको क्रियाकलापले त्यसको स्थापना गर्छ भन्ने कुरा लेनिनले प्रमाणित गरिदिनुभयो। समाजको विकासको वस्तुगत नियमले नै पुँजीवादको सट्टामा समाजवादको स्थापना हुन्छ। तर पनि मार्क्सवादी लेनिनवादी पार्टीको नेतृत्वमा जनसमुदायहरूको वीरतापूर्ण संघर्ष तथा रचनात्मक श्रमद्वारा मात्र यो परिवर्तन सम्भव छ। विगतका सबै क्रान्तिले उत्पादनको साधनमा व्यक्तिगत स्वामित्वको एउटा रूपको मात्र परिवर्तन गरेका थिए। समाजवादी क्रान्तिले उत्पादन साधनमा व्यक्तिगत स्वामित्वलाई निर्मूल पार्छ र त्यसको ठाउँमा सामाजिक समाजवादी स्वामित्व कायम गर्छ। समाजवादद्वारा पुँजीवादको विस्थापनको अर्थ हुन्छ, मानव समाजको सम्पूर्ण अस्तित्वको आधारस्वरूप भएको भौतिक उत्पादनको अवस्थादेखि सामाजिक चेतना, विज्ञान तथा सांस्कृतिक उच्चतम क्षेत्रसम्म सामाजिक जीवनका सम्पूर्ण क्षेत्रहरूमा समूल परिवर्तन। जनवाद समानता स्वतन्त्रता र अर्थतन्त्रको प्रभावशाली मागको सामाजिकीकरण् जस्ता विषय समाजवादका आधारभूत तत्त्व हुन्। सोभियत संघ र अरु मुलुकहरूमा समाजवाद निर्माणको अनुभवले समाजवादी समाजको स्थापना र विकासमा समेत कम्युनिस्ट पार्टीको निर्णायक भूमिकासम्बन्धी मार्क्सवादी लेनिनवादी शिक्षाको पूर्ण पुष्टि गरेको छ।

मार्क्सवाद लेनिनवादको क्रान्तिकारी भावनाप्रति आस्थावान् रहेको पार्टीले मात्र समस्त जनतालाई संगठित पारेर समाजवादको विजयतर्फ डोऱ्याउन सक्छ भन्ने पुष्टि भइसकेको छ। लेनिनले पुँजीवादबाट समाजवादतर्फ सम्पूर्ण संक्रमणकालमा सर्वहारा अधिनायकवादको नीतिको गहन वैज्ञानिक आधार प्रस्तुत गर्नुभएको छ। समाजवादी समाजको निर्माण गर्ने लेनिनका योजना अन्तर्गतका मुख्य तीन बुँदाहरू हुन्– देशको औद्योगिकीकरण, कृषि व्यवस्थाको सामूहिकीकरण र सांस्कृतिक क्रान्ति। यसको आधारमा समाजवादको भौतिक आधारको सिर्जना गरिन्छ र सम्पूर्ण अर्थ–व्यवस्थामा समाजवादी उत्पादन सम्बन्धको पूर्ण विजय सम्भव हुन सक्छ।

नेपालमा खासगरी नेकपा ( माओवादी केन्द्र) को आठौँ महाधिवेशनमा '२१औँ शताब्दीमा समाजवादको नेपाली बाटो' भन्ने मुख्य शीर्षकसहितको राजनीतिक प्रतिवेदन पारित भएपछि समाजवादसम्बन्धी बहसले नयाँ आयाम थपेको छ। प्रतिवेदनमा भनिएको छ– नेपाली जनताको विकासको आजको विशिष्ट पुँजीवादी चरणमा पार्टीको रणनीति वैज्ञानिक समाजवादको स्थापना गर्नु हो। राष्ट्रिय पुँजीको विकासको कमजोर स्थिति, अर्थतन्त्रमा दलाल नोकरशाही पुँजीवादको बलियो पकड तथा सामन्ती अवशेष र वैदेशिक हस्तक्षेपका विरुद्ध संघर्षको आवश्यकताको कारण तत्काल समाजवादमा जान तथा समाजवादी कार्यक्रम लागु गर्न सम्भव छैन। तत्कालीन दृष्टिले पार्टीको ध्यान शान्तिपूर्ण प्रतिस्पर्धा र वैधानिक बाटोबाट समाजवादको आधार तयार पार्ने कुरामा केन्द्रित हुनेछ। त्यसकारण आज पार्टीको मूल कार्यनीति 'समाजवाद उन्मुख समृद्धि' भनिएको हो। समाजवाद उन्मुख समृद्धि भन्नाले स्वतन्त्र राष्ट्रिय अर्थतन्त्रको नीति, सामाजिक न्यायसहित राष्ट्रिय पुँजीको विकास प्रक्रियालाई बुझ्नुपर्छ।

यसैगरी के समाजवादका आधार निर्माण गर्न संयुक्त मोर्चा सम्भव र आवश्यक छ भन्नेमा लेखिएको छ– हो आजको विशिष्ट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिमा कम्युनिस्ट पार्टीले समाजवादका आधार निर्माण गर्ने जनताका विभिन्न वर्ग, जनसंगठन र सम्भव भएसम्म राजनीतिक दलहरूसँग विभिन्न रूप र स्तरमा संयुक्त मोर्चा कायम गर्न जोड लगाउनुपर्छ। यस प्रकारले माओवादीकै पहलकदमी र योजना अनुसार अहिले समाजवादी मोर्चा बनाउँदै समाजवादी केन्द्र निर्माणका प्रारम्भिक पहलकदमीहरू भइरहेका छन्। नेपालमा यो बहसले सार्थकता पाउने सिलसिलामा भेदभावरहित राजनीतिक तथा आर्थिक प्रणाली, सहभागितामूलक र सहकारिताको भावना, गरिबीको अन्त्य, उत्पादनका साधनहरूको समान वितरण, एकले सबैका लागि र सबैले एकका लागि काम गर्ने, व्यक्तिगत महत्त्वकांक्षाको निषेध, प्राकृतिक स्रोत–साधनको समुचित उपयोग, राष्ट्रिय पुँजीको विकास, राज्यबाट आधारभूत सेवा–सुविधाको सुनिश्चितताले मूर्तता पाउनेछ र समाजवादी दिशामा देश अगाडि बढ्नेछ। यसले नेपालका कम्युनिस्ट (वामपन्थी)हरूको विचार विहीनता र गन्तव्य विहीनता अन्त्य गर्नेछ। प्रतिक्रियावादी, प्रतिगामी तथा विदेशी दलाल पुँजीवादलाई बलियो झापड हुनेछ। साँच्चै समतामूलक समाज व्यवस्थाको निर्माण हुनेछ। त्यसैले समाजवादको स्पष्ट कार्यदिशासहित बलियो समाजवादी केन्द्र निर्माणमा जुटौँ।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो। समाजबाट छुवाछुत प्रथा हटाउने दायित्व प्रत्येक नागरिकको हो। छुवाछुतलाई कानूनले दण्डणीय अपराध घोषणा गरेको छ।

# चर्को घामका कारण हुने 'ट्यानिङ' हटाउने ८ घरेलु उपाय

**सरिता दुलाल पनेरू**
ब्युटिसियन

गर्मीमा चर्को घामको कारणले गर्दा ट्यानिङ(छाला डढ्ने) हुन्छ। यस्तो अवस्थामा, घाममा केही समय बाहिर निस्कँदा पनि ट्यानिङ सुरु हुन्छ। शरीरको जुन भागमा बढी घाम लाग्छ, त्यो भाग ट्यानिङ हुन्छ। त्यसैले यो मौसममा छालाको विशेष हेरचाह आवश्यक हुन्छ। ट्यानिङको समस्याबाट छुटकारा पाउन यी ८ उपाय अपनाउन सकिन्छ।

**१. कागती र मह प्याक :** कागतीमा प्राकृतिक ब्लिचिङ एजेन्ट हुन्छ। यसबाहेक यसमा भिटामिन सी पनि राम्रो मात्रामा पाइन्छ। महले भने छालालाई मोइस्चराइज गर्छ। हात र खुट्टाको ट्यानिङ हटाउन एक चम्चा कागतीको रस र एक चम्चा मह मिसाएर लगाउने। १५–२० मिनेटपछि मनतातो पानीले धुने। यसलाई हप्तामा ३ पटक प्रयोग गर्नुपर्छ। यसरी हप्तामा ३ पटक प्रयोग गर्दा ट्यानिङ बिस्तारै कम हुन थाल्छ।

**२. बेसन र दहीको पेस्ट :** ट्यानिङको दाग हटाउन बेसन प्रभावकारी हुन्छ। दहीले छाला सफा गर्छ। एक चम्चा दहीमा दुई चम्चा बेसन मिसाएर पेस्ट बनाउने। यसलाई हातमा लगाउने र सुकेपछि बिस्तारै रगडेर धुने। यो विधिले छालालाई एक्सफोलिएट गर्छ र ट्यानिङ हटाएर छालाको रङ सुधार गर्छ।

**३. गोलभेँडा र दही पेस्ट :** गोलभेँडा र दहीबाट बनेको पेस्ट पनि ट्यान भएको ठाउँमा लगाउन सकिन्छ। यी दुवैमा छालालाई चम्किलो बनाउने गुणहरू हुन्छन्। यसका लागि, आधा गोलभेँडालाई कुटेर पेस्ट बनाउने। त्यसपछि त्यसमा दुई चम्चा दही मिसाउने र प्रभावित क्षेत्रहरूमा पेस्ट लगाउने सुकेपछि, यसलाई सादा पानीले धुने।

**४. एलोभेरा जेल र गुलाबजल :** एलोभेरामा शीतलता प्रदान गर्ने गुणहरू हुन्छन्, जसले घामले पोलेको र ट्यानिङलाई कम पार्छ। एलोभेरा जेलमा गुलाबजल मिसाएर छालामा लगाउने। यसलाई रातभर छोड्ने र बिहान सादा पानीले धुने। यसलाई दैनिक प्रयोग गर्न सकिन्छ।

**५.बेसन र बेसार :** एउटा भाडामा बेसन र थोरै बेसार मिसाउने। यसमा पानी वा दूध हालेर पेस्ट बनाउने र अनुहारमा लगाउने। यसले छालालाई निखार्छ र चम्किलो देखिन्छ।

**६.आलुको रस :** आलुको रसलाई निकालेर यस रसलाई अनुहारमा कपासको मद्दतले लगाउने र १० देखि १२ मिनेटपछि धोएर हटाउने। आलुले ट्यानिङलाई मात्र कम गर्दैन, अनुहारका दाग–धब्बाहरूलाई पनि हल्का बनाउँछ।

**७.सनस्क्रिनको नियमित प्रयोग :**ट्यानिङ हटाउनु भन्दा रोक्नु बढी महत्त्वपूर्ण हुन्छ । यसका लागि, जब बाहिर घाममा गइन्छ ३० एसपीएफ वा सोभन्दा बढीको सनस्क्रिन लगाउन बिर्सनु हुँदैन। साथै घामको प्रत्यक्ष सम्पर्कबाट बच्न छालालाई कपडाले ढाक्ने वा छाताको प्रयोग गर्न सकिन्छ।

**८.मोइस्चराइजर प्रयोग :** नुहाइसकेपछि छालालाई मोइस्चराइज गर्न बिर्सन हुँदैन। छालालाई मोस्चराइज गर्दा टयानिङको दाग बस्ने सम्भावना कम हुन्छ। यस्तो अवस्थामा, कुनै पनि हल्का मोइस्चराइजर प्रयोग गर्न सकिन्छ।

# वनबाट वार्षिक ४० अर्बको राजस्व संकलन, १२ अर्ब रुपैयाँ बराबरको रोजगारी सिर्जना हुने

बारा, २५ वैशाख। वनलाई आयआर्जन र सम्पत्तिसँग जोड्ने प्रचलित उखान हो– 'हरियो वन नेपालको धन'। वनलाई सही ढंगले व्यवस्थापन गर्न सके त्यसबाट सरकारले वार्षिक अर्बौं रुपैयाँ राजस्व संकलन र ठुलो रोजगारी सिर्जना गर्नसक्ने देखिन्छ। वन अनुसन्धान केन्द्रले सन् २०२२ मा गरेको 'वन स्रोत सर्वेक्षण' ले वन पैदावारबाट मुलुकभित्र ठुलो परिमाणमा राजस्व संकलन र रोजगारी सिर्जना हुने देखाएको छ। त्रिभुवन विश्वविद्यालय वन विज्ञान विभागका प्राध्यापक डा. राजेश राई वनलाई सही ढंगले व्यवस्थापन गर्न सके वार्षिक ४० अर्ब राजस्व र १२ अर्ब रुपैयाँभन्दा बढीको रोजगारी मुलुकभित्रै सिर्जना हुने दाबी गर्दछन्। मधेस प्रदेशका वनक्षेत्रको अध्ययन/अवलोकन गर्न आएका राईले संरक्षण क्षेत्र (राष्ट्रिय निकुञ्ज) बाहिर रहेको ४९ लाख हेक्टरमध्ये २५ प्रतिशत (करिब १२ लाख हेक्टर) वनलाई व्यवस्थापन गर्दा ८ करोड ५० लाख क्युफिट काठ उत्पादन हुने बताए। जसबाट ४० अर्बको राजस्व संकलन हुनेछ। कटान मुछानबाट १२ अर्ब मूल्य बराबरको रोजगारी सिर्जना हुन्छ। प्रतिक्युफिट कटान/छपान १५० रुपैयाँ खर्च लाग्दछ।

दिगो वन व्यवस्थापन लागु भएमा मधेस प्रदेशको हकमा ४५ देखि ५० करोडको रोजगारी सिर्जना हुने प्रा.डा राईको भनाइ छ। अन्य प्रदेशको तुलनामा मधेस प्रदेशमा जनसंख्या धेरै छ भने वन क्षेत्र सबैभन्दा कम छ। मधेसमा करिब २ लाख ४७ हजार हेक्टरमात्रै वन क्षेत्र छ। जसमध्ये सबैभन्दा बढी वन क्षेत्र भएको जिल्ला बारा, रौतहट र सर्लाही हो। प्रा.डा. राईले मधेस प्रदेशमा वर्षमा ५० हजार हेक्टर वन व्यवस्थापन गर्नसके ३० लाख क्युफिट काठ उत्पादन हुने बताए। '३० लाख क्युफिट काठ उत्पादन भनेको झण्डै ४५/५० करोडको रोजगारी सिर्जना हुनु हो,' उनले भने। मधेसमा काठको माग धेरै भएकाले काठ उत्पादनलाई दोब्बर बनाउनुपर्ने राईको सुझाव छ। जसका लागि बिरुवाको उत्पादन बढाउनु पर्नेमा उनले जोड दिए।

दिगो वन व्यवस्थापनले उपभोक्ताको आवश्यकतालाई परिपूर्ति गर्दै वनको हैसियत नबिगारीकन अनन्तकालसम्म यसको सेवाको सुनिश्चितता गराउँछ। दिगो वन व्यवस्थापनले वनको आर्थिक, वातावरणीय र सामाजिक पक्षलाई सन्तुलित राख्ने राईको भनाइ छ। राजनीतिक दलहरू भोटको राजनीतिमा केन्द्रित रहेका कारण दिगो वन व्यवस्थापनतर्फ खासै चासो नदखाइएको उनको टिप्पणी छ। जबकि, दिगो वन व्यवस्थापनबाट मुलुकको अर्थतन्त्र र रोजगारीमा ठुलो टेवा पुऱ्याउने उनले बताए। यसअघि सन् २०१९/०२० मा कर्णाली प्रदेशको जडीबुटीबाट मात्र १ खर्ब ६० अर्ब बराबरको आर्थिक उपार्जन भएको थियो। नेपालमा संरक्षण क्षेत्र बाहिर रहेको ४९ लाख हेक्टर वन क्षेत्र विशुद्ध वन पैदावार उत्पादनका लागि हो।

'वैज्ञानिक वन व्यवस्थापन खारेज भएपछि हामी धेरै खारियौँ, धेरै मुद्दा स्थापित गऱ्यौँ,' राईले भने, 'संघीय वन तथा मन्त्रालयले दिगो वन व्यवस्थापनको रणनीति पास गऱ्यो। त्यसै अन्तर्गत रहेर अहिले प्रदेश र डिभिजन वनहरूले आफ्नो रणनीति बनाउँदैछन्।' दिगो वन व्यवस्थापन पूर्ण रूपमा लागु भए चीन, भारत, मलेसिया लगायतका विभिन्न मुलुकबाट आयात हुने अर्बौं मूल्यको काठ रोकिनेछ। डिभिजन वन कार्यालय बाराका प्रमुख राजिव कुमार झाले बारामा ४ वटा साझेदारी र २ वटा सामुदायिक वनले कार्ययोजना तयार गरेको बताए। उनले अगामी आर्थिक वर्षदेखि दिगो वन व्यवस्थापन कार्यान्वयन हुने बताए। डिभिजन वन कार्यालय धनुषाका प्रमुख विनोद सिंहले दिगो वन व्यवस्थापन लागु भए मधेस प्रदेश आर्थिक रूपमा बलियो हुने र काठको चोरी तस्करीसमेत नियन्त्रण हुने जिकिर गरे। यसअघि मधेस प्रदेशका ४० वटा सामुदायिक र १६ वटा साझेदारी वनमा वैज्ञानिक वन व्यवस्थापन लागु भएको थियो।

धनुषाका डिभिजन वन प्रमुख सिंहले साझेदारी र सामुदायिक वनका कार्ययोजना तयारीको क्रममा रहेकाले अगामी वर्षदेखि कार्यान्वयनमा आउने बताए। नेपालमा वार्षिक १२ करोड क्युफिट काठ उत्पादन क्षमता रहेको सन् २०१९ मा गरिएको एक अध्ययनल देखाएको छ, जसमध्ये ६ करोड क्युफिटको हाराहारीमा काठको माग छ। आवश्यकता पूरा गरेर बाँकी काठ निकासी गर्ने हो भने पनि सरकारी दरका आधारमा वार्षिक अर्बौं रुपैयाँ आम्दानी गर्न सिंहको भनाइ छ।

# हनुमान आराधना लोकप्रिय बन्दै



**शिवशंकर मिश्रा**

बारा, २५ वैशाख। तराई मधेशको बारा, पर्सा, रौतहट लगायत छिमेकी राष्ट्र भारतको सीमा आसपासका ठाउँमा केहि वर्षदेखि जुनसुकै शुभकार्यमा हनुमान आराधना लोकप्रिय बन्दै गएको छ। माघे सन्क्रान्तिको दिनदेखि दक्षिणायण समाप्त भई उतरायण आएपछि विधिवत रूपमा हिन्दु धर्मावलम्बीले पूजापाठ सुरू गरेका हुन्। वर्षको १२ महिनामध्ये माघ, फागुन, चैत, वैशाख, जेठ र असार महिनालाई उत्तरायण भनिन्छ, हुनतः समान्य पूजापाठ, जप लगायतका १२ महिना भएपनि विवाह, यज्ञ, मुर्ति स्थापनाको कार्य उत्तरायण महिनामा गर्नाले मनोवाञ्छित फल प्राप्त हुने विद्वानहरू बताउँछन्। यसरी समान्य घरमा कुनै पूजापाठ गर्नुपर्‍यो भने हनुमान आराधना अहिले अनिवार्य नै बनेको कलैया उप–महानगरपालिका–४ बस्ने हरेकृष्णा तिवारीले बताए। आराधना गर्नलाई कम्तीमा पाँच हजारदेखि ५० हजारसम्म मण्डलीका ब्याससङ अगामी (साटा) सम्झौता गर्नुपर्छ, नेपाल प्रहरीका पूर्व डिएसपी अरबिन्द द्विवेदीले जानकारी दिए। "मैले पनि कान्छो छोराको बिहे हुनुअघि पुजाको दिन भारत आदापुर, कट्गेनवा गाउँका व्यास सुमन उपाध्यायको मण्डलीसंघ हनुमान आराधना गरेको छु", उनले भने।

एक, डेढ दशक अगाडिदेखि हनुमान आरधनाको परिपाटी सुरु हुँदा मङ्लबार र शनिबार मात्रै आरधना हुन्थ्यो, अब साताको साते दिन हनुमान आरधना हुने गरेको अर्को व्यास अमिरका ठाकुर बढइले जानकारी दिए। उनले भने, "धार्मिकग्रन्थ रामायणको सुन्दर काण्डको पाठ पहिला बाहुनहरूले गर्थ्यो, अहिले आराधना मण्डलीको मार्फत सङ्गीतमय धुनले गरिने परिपाटी छाएको छ।" मध्य तराईमा छोराछोरीको विवाह गर्नुअघि भगवान् महादेवलाई खुसी पार्न, उहाँको सवारी बसाहा (गोरु) पुजा, रुद्री पाठ र सामुहिक रूपमा २०–२५ जना बाहुनहरूद्वारा माटोले बनाइएको एक लाख २५ हजारको संख्यामा पार्थिव (लखराव) पूजा गर्ने मान्यता पनि छ।

सन्तान नहुने आमाबाबुले छोराछोरी पाउन विभिन्न तिर्थस्थलमा गरेको वचन पूरा भएपछि त्यसको विवाह हुनु २–४ दिन अगाडि भगवान शंकर र विष्णुलाई खुशी पार्न २४ घण्टे अखण्ड (अष्ट्याम) गराउने गरेको स्थानीयहरू बताउँछन्। विवाह गर्नुअघि अनिवार्य रूपमा सत्यनारायण भगवानको पूजा, नयाँ घरमा प्रवेश गर्दा गृह प्रवेश तथा विविध मनोकामना पूरा भएपछि रुद्राभिषेक, जप, अनुष्ठान, यज्ञादीको कार्य हुँदै आएको छ।

## सामाजिक सञ्जालबाट प्रलोभन देखाएर ठग्ने ७ जना पक्राउ,

धनुषा, २५ वैशाख धनुषा प्रहरीले अनलाइन ठगीमा संलग्न रहेको आरोपमा ७ जनालाई पक्राउ गरेको छ। सामाजिक सञ्जालमार्फत फेक एकाउन्ट बनाएर ठगी गरेको आरोपमा धनुषा प्रहरीले ७ जनालाई पक्राउ गरेर बिहीबार पत्रकार सम्मेलनमार्फत सार्वजनिक गरेको छ। उनीहरूले अनलाइनको दुरुपयोग गरेर २ करोड ६३ लाख ९ हजार तीन सय १२ रुपैयाँ ठगी गरेको धनुषाका प्रहरी उपरीक्षक नरहरि रेग्मीले जानकारी दिए। पक्राउ पर्नेमा धनुषाधाम नगरपालिका –१ का २३ वर्षीय सुरज साह, सर्लाही बरहथवा–७ का २२ वर्षीय नितेशकुमार साह, गौशाला नगरपालिका –१ का २२ वर्षीय रोशन साह, सोही ठाउँका २१ सुधीर कुमार महतो, १९ वर्षीय अमित साह, क्षीरेश्वरनाथ नगरपालिका –२ का २२ वर्षीय श्यामसुन्दर महरा र सोही ठाउँका २० वर्षीय रामकुमार महरा रहेका छन्। पक्राउ परेकाहरूको साथबाट १० वटा मोबाइल समेत फेला परेको छ।

ती मोबाइलबाट विभिन्न बैंक तथा वित्तीय संस्था तथा वालेट आईडीसमेत गरी १ सय ८७ वटा खाता खोलेको प्रहरी अनुसनधानमा देखिएको छ। उनीहरूले सस्तो दरमा समान दिने भनेर अग्रिम भुक्तानी लिएर सम्पर्कविहीन हुने गरेका थिए। हालसम्म उनीहरूको २१ वटा फेक एकाउन्ट र पेज फेला परेको प्रहरी उपरीक्षक रेग्मीले बताए।

# भारत–पाकिस्तान तनावः नेपाल अझै बोलेन

काठमाडौं, २५ वैशाख। भारतले पाकिस्तानी भूमिमा आक्रमण गरेपछि बढिरहेको तनावमा विश्व समुदायले प्रतिक्रिया दिइरहे पनि खुला सीमा भएको नेपालले अझै आधिकारिक धारणा सार्वजनिक भएको छैन। हिजो गृहमन्त्री रमेश लेखकको अध्यक्षतामा राष्ट्रिय सुरक्षा समिति र प्रधानमन्त्री केपी शर्मा ओलीको अध्यक्षतामा राष्ट्रिय सुरक्षा परिषद्को बैठक बसे पनि आधिकारिक धारणा भने अझै सार्वजनिक नभएको हो। राष्ट्रिय सुरक्षा समितिले सीमा क्षेत्र र विमानस्थलहरूमा सुरक्षा सतर्कता अपनाउने निर्णय गरेको छ। राष्ट्रिय सुरक्षा परिषद्को बैठकमा भारत–पाकिस्तानबीच भएको घटनाक्रमबाट नेपालमा पर्नसक्ने विविध सुरक्षा चुनौती तथा असरहरूको सम्बन्धमा समीक्षा गरेको रक्षा मन्त्रालयका सचिव एवम् परिषद्का सदस्य–सचिव रामेश्वर दंगालले जानकारी दिएको छ। तर आक्रमणबारे नेपालले मुख नखोलेको हो। नेपाल सार्कको अध्यक्ष राष्ट्रसमेत भए पनि सार्कका दुई सदस्यबीचको तनावमा बोलेको छैन। भारतले पाकिस्तानमा आक्रमण गरेको विषयमा दलहरूबीच मत बाझिएको छ। नेपाली कांग्रेसले भारतको समर्थन गर्नुपर्ने कुरा गरेको छ। आज प्रतिनिधिसभाको बैठकमा बोल्दै कांग्रेस सांसद रामहरि खतिवडाले भारतले अहिले आतंकवादविरुद्ध लडाइँ लडिरहेको भन्दै आतंकवादविरुद्धको लडाइँमा नेपालले साथ दिनुपर्ने बताए। यस्तै कांग्रेस प्रवक्ता प्रकाशशरण महतले पनि कूटनीतिक भाषामा मात्र नभई भारतको कमदप्रति समर्थन झल्कने गरी सरकारी धारणा आउनुपर्ने बताउनुहुन्छ। तर सत्ताको नेतृत्व गरिरहेको नेकपा एमालेले भने भारतको समर्थन नगरी युद्ध नचर्काउन दुवै पक्षलाई अनुरोध गर्नुपर्ने बताएको छ। एमालेको परराष्ट्र मामिला विभागका प्रमुखसमेत रहेका पूर्वपरराष्ट्रमन्त्री रघुवीर महासेठले बीबीसीसँग कुरा गर्दै पाकिस्तानमाथि आक्रमण गर्ने भारतीय कदमको समर्थन गर्न नसकिने बताए।

यस्तै संसद्को तेस्रो ठूलो दल नेकपा माओवादीभित्र भने मत बाझिएको छ। नेकपा माओवादी केन्द्रका महासचिव देव गुरुङले सामाजिक सञ्जालमा लेख्दै पहलगामको आक्रमण कसले गरेको हो भन्ने निश्चित नभई पाकिस्तानमाथि आक्रमण गर्नु न्यायोचित नहुने बताउनुभएको छ। यस्तै सामाजिक सञ्जालमै लेख्दै उपमहासचिव जनार्दन शर्माले भने आतंकवादविरुद्ध लड्नु हरेक राष्ट्रको कर्तव्य हो भन्दै भारतले गरेको आक्रमणको समर्थन गर्नुभएको छ।

# प्रधानमन्त्रीले शिलान्यास गर्नुभएको प्रतिष्ठानको डा.राउतबाट पुनः शिलान्यास

विनय कर्ण

सप्तरी, २५ वैशाख। मन्त्रिपरिषद्को बैठकले २०७५ साल पुस १६ गते सप्तरीको राजविराजमा रामराजाप्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान स्थापना गर्ने निर्णय गर्‍यो। ०७८ जेठ २१ मा मन्त्रिपरिषद्कै बैठकबाट राजविराज नगरपालिकाले उपलब्ध गराएको वडा नम्बर१० स्थित रहेको ६२ बिघा जग्गा प्रतिष्ठानका नाममा ३० वर्षका लागि लिजमा दिने निर्णय भएको थियो। त्यसपछि प्रधानमन्त्री केपी शर्मा ओलीले २०७८ असार २२ गते काठमाडौंबाटै भर्चुअल माध्यमबाट प्रतिष्ठानको शिलान्यास



गरेको थियो। त्यसबेला प्रधानमन्त्री ओलीबाट शिलान्यास भएपछि बहुचर्चित एवम् प्रतिक्षित रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान मेडिकल कलेज राजविराजमा बन्ने निश्चित भएको यहाँका आम सर्वसाधारणमा निकै चर्चाको विषय बनेको थियो।

प्रतिष्ठानको शिलान्यास गर्नुहुँदै त्यतिबेला पनि प्रधानमन्त्री रहनुभएका ओलीले निर्माणको काम पूरा भएपछि सप्तरी जिल्लाको आर्थिक विकासमा ठुलो मद्दत पुग्ने विश्वास व्यक्त गर्नु भएको कुरा सप्तरीवासीलाई अहिले पनि स्मरणमा छ। तर त्यही प्रतिष्ठानको बुधबार पुनः शिलान्यास भएको छ। जनमत पार्टीका अध्यक्ष डा. सिके राउतले एक कार्यक्रकाबिच प्रतिष्ठानको बुधबार पुनः शिलान्यास गरेको हो। प्रतिष्ठानको शिलान्यासपछि सञ्चारकर्मीहरुसँग प्रतिक्रिया दिनुहुँदै डा. राउतले आफ्नै किसिमको तर्कहरु प्रस्तुत गरे। सप्तरी क्षेत्र नम्बर २ बाट निर्वाचित प्रतिनिधिसभा सदस्य समेत रहनु भएका उहाँले प्रधानमन्त्री ओलीले शिलान्यास गरेको भए पनि त्यसको म्याद गुज्रिसकेकाले पुरानोसँग कुनै सरोकार नरहेको जिकिर गरे।

यस अघिको गठन भएको आदेशको म्याद नै गुज्रिसकेको र यहाँका जनताले आन्दोलन गरेपछि हामीले ध्यान दिएपछि नयाँ गठन आदेश जारी भएर पुनःगठन भएको हुँदा शिलान्यास गरिएको उनको तर्क छ। "पहिलाको गठन आदेशको म्यादै गुज्रिसकेको थियो, नवीकरण नै गरेन, त्यो शिलान्यासको म्याद हामी निर्वाचन हुनुभन्दा अघि नै गुज्रिसकेको थियो।," डा.राउतले भने। प्रतिष्ठानको नयाँ गठन आदेश जारी भएपछि मधेश प्रदेशमा जनमत पार्टी नेतृत्वको सरकारले भवन निर्माणका लागि चार करोड रुपियाँ बजेट समेत सुनिश्चित भएर शिलान्यास गरी निर्माण काम सुरु गरिएको जानकारी दिए। शिलान्यास कार्यक्रममा जनमत पार्टीका संगठन विभाग प्रमुख जयकान्त राउत, मधेश प्रदेशका पर्यटन मन्त्री शकिल अली मियाँ, प्रदेश सांसद महेश प्रसाद यादव, प्रतिष्ठान पूर्वाधार तयारी विकास समितिका अध्यक्ष डा. पशुपति चौधरीका रस्थानियहरुको पनि उपस्थिति थियो।

*नवराजपुर...*



५ सयदेखि २५ सयसम्म, छाडा छाडिएको पशु चौपायाले हानिनोक्सानी पुऱ्याएमा सो बराबरको क्षतिपूर्ति तिराउने व्यवस्था गरिएको छ। यस्ते, सार्वजनिक जग्गा अतिक्रमण गरेमा प्रथम पटक १० हजार र अर्कोपटक १० हजारदेखि ५० हजार रुपैयाँसम्म जरिवाना गरिनेछ।

तर, सार्वजनिक जग्गामा विगतदेखि बसेका भूमिहीन व्यक्तिहरुको हकमा भने यो लागू हुने छैन। यस्तै, सार्वजनिक पोखरी अतिक्रमण गरी गैरकानुनी भोगचलन गरेमा र सार्वजनिक सम्पत्तिमा क्षति पुऱ्याएमा ५० हजारदेखि ५ लाखसम्म जरिवाना गरिने गाउँपालिकाले जनाएको छ। गाउँपालिकाले व्यक्तिगत घटना दर्ता ३५ दिनभित्र गराउँदा निःशुल्क हुने र समय नाघेर दर्ता गराउनेलाई ५० रुपैयाँ जरिवाना गरिने व्यवस्था पनि गरेको छ। यो विधेयक लागू भएपछि सार्वजनिक जग्गा र सडक अतिक्रमणको समस्या हदसम्म समाधान हुने गाउँपालिका अध्यक्ष शिवदगार यादवले बताए।


## सावधान रहीं, आगलागी से बचीं।

गर्मी महिना शुरु होते हि आगलागी के घटनासब बेसी होखेला। हमनी के छोट असावधानी से जनधन के बहुते क्षति होखेला। ओहिसे आगलागी से बँचे खातिर सावधानी अपनाईं।

१. सलाई, लाइटर जइसन आगीजन्य पदार्थ लइकालइकि के पहुँच से दूर रखीं। रसोइ के काम ओरइलाबाद आगी भुताएके मत भूलीं।
२.घर–अफिस तथा सम्वेदनशिल स्थान में आगी भुताबेवाला यन्त्र रखीं।
३. आगलागी भइलापर जोड से चिल्ला के जानकारी करावत सुरक्षित स्थान में जाईं।
४.घरभितर लुके–छिपे के प्रयास मत करीं, घर बाहर निकललाबाद सभे परिवार आइल–नाआइल यकिन करीं।
५. धुवाँ भइल जगह से निकलत समय पेटकुनिया या घिसटत निकलीं।
६. अगर शरिर के कपडा में आगी लागियो जाइ त मत दगुरीं, पहिले आगी भुताईं ओकरा बादे भागीं।
७. पेट्रोल, मट्टीतेल लगायत के प्रज्ज्वलनशील पदार्थसब लइकन के पहुँच से दूर रखीं।
८. आगी नियन्त्रण ना भइलापर वारुणयन्त्र या प्रहरी के १०० नम्बर में फोन करके जानकारी कराईं।

मधेश प्रदेश सरकार
आमसञ्चार प्राधिकरण


मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक/सम्पादक** : कमलेश कुमार यादव, **सह–सम्पादक** : सत्य नारायण चौधरी, **प्रबन्धक** : नविन यादव, कानुनी सल्लाहाकार :कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले–आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा.–६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail* : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)